फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.स: २०७९/०८०

मिति:२०७९/०९/०३

सूचना ! सूचना !! सूचना !!!

## विषयः ५०% अनुदानमा कृषि सामग्री विउविजन वितरण सम्बन्धी सूचना।

प्रस्तुत विषयमा फेदाप गाउँपालिका कृषि विकास शाखा पोक्लावाङ्ग, तेह्रथुमको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक मध्ये देहायको कार्यक्रमहरु सञ्चालन गरिने भएकाले ~~तहाँ वडामा रहेका~~ ईच्छुक सम्पूर्ण कृषक/कृषक समूह/फर्म/कृषि सहकारीहरुले मिति २०७९/०९/०३ गते देखि मिति २०७९/०९/१७ गते सम्म फेदाप गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क.स | कार्यक्रमको नाम | कार्यक्रम संचालन | कैफियत |
|---|---|---|---|
| १ | ५०% अनुदानमा मल्चिङ प्लाष्टिक खरीद कार्यक्रम | सवै वडा | |
| २ | ५०% अनुदानमा नेट जाली खरीद कार्यक्रम | सवै वडा | |
| ३ | ५०% अनुदानमा प्लाष्टिक टनेल खरीद कार्यक्रम | सवै वडा | |
| ४ | ५०% अनुदानमा पोली ब्याग,प्लान्ट ट्रे खरीद कार्यक्रम | सवै वडा | |
| ५ | ५०% अनुदानमा डिजिटल काटा खरीद कार्यक्रम | सवै वडा | |
| ६ | ५०% अनुदानमा मकैको विउ खरीद तथा वितरण कार्यक्रम | सवै वडा | |

सम्पर्कको लागिः ९८५२०६१०२६ कृषि विकास शाखा

कृषि विकास शाखा प्रमुख

कृषि विकास शाखा प्रमुख

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद
प्रमुख प्रशासकीय

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सः २०७९/०८०

मिति:२०७९/०९/०३

च.नं.

विषय: किसान सुचिकरण कार्यक्रम अन्तर्गत गणक छनौटको लागि आवेदन दिने सम्बन्धमा।

फेदाप गाउँपालिका कृषि विकास शाखा, पोक्लावाङ्गको आ.व.२०७९/०८० को सशर्त अनुदान अनुदानको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधी,२०७७ अन्तर्गत किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्ने कार्यक्रम रहेको छ। उक्त किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि जारी गरिएको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७७ को दफा ७ को जनशक्ति व्यवस्थापन अन्तर्गत यस गाउँपालिकाका सबै वडाहरुमा सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस फेदाप गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघेका वा रीत नपुगेका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल:

१.आवश्यक योग्यता:

- न्युनतम १२ कक्षा पास
- इन्टरनेट चलाउन सक्ने
- एन्ड्रोइड वा स्मार्टफोन वा ट्यावलेट वा ल्यापटप भएको

२.आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

सम्पर्कको लागि:९८५२०६१०२६कृषि विकास शाखा

............................
सिता बस्नेत
कृषि विकास शाखा

............................ ०७९/०९/०३
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.स.२०७९/०८०
च.नं. ६४८

मिति:२०७९/०९/०३

विषय: सूचना टाँस गरिदिने बारे।

सम्पूर्ण वडा कार्यलयहरु
फेदाप गाउँपालिका।

प्रस्तुत विषयमा यस फेदाप गाउँपालिका कृषि विकास शाखाको कार्यक्रम अनुसारको सूचना यसै पत्रसाथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ। उक्त सूचना प्राप्त भए पश्चात तहाँको सूचना पाटिमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ। साथै आफ्नो वडामा रहेका ईच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरुलाई सूचना गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

सिता बस्नेत
कृषि विकास शाखा प्रमुख

२०७९/०९/०३
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकिय अधिकृत